**REGIONAL NEWS UNIT**
**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date: 15.03.2025**

**CM-Governor of Assam: IPR**

मुख्यमन्त्री प्रेमसिंह तामाङले आज असमका राज्यपाल लक्ष्मण प्रसाद आचार्यलाई उहाँको सरकारी निवासमा शिष्टचार भेट गर्नुभयो। मुख्यमन्त्रीले राज्यपाललाई भेट्न पाउँदा अत्यन्तै हर्ष लागेको र उहाँलाई फेरि भेटी न्यानो अभिवादन आदानप्रदान गर्नु र सिक्किमका राज्यपालका रूपमा उहाँको उल्लेखनीय कार्यकाललाई स्मरण गर्न पाउनु साँच्चै मिठो अनुभव रहेको बताउनुभयो। श्री तामाङले आफ्नो आधिकारिक फेसबुक पोस्टमा भन्नुभएको छ, उहाँलाई भेट्दा लामो समयदेखि गुमाएको संरक्षकसँग पुनर्मिलन भएको महसुस भयो। उहाँको समय, विचारशील शब्दहरू र प्रोत्साहनका लागि म हृदयदेखि कृतज्ञ छु। साथै, मुख्यमन्त्रीले श्री आचार्यको उत्तरोत्तर प्रगति, सुस्वास्थ्य र दिर्घायुको कामना गर्नुभएको छ।

**Pakyong-FC world Consumer Day: IPR**

सिक्किम उपभोक्ता संघले सिक्किम सरकारको खाद्य तथा नागरिक आपूर्ति एवं उपभोक्ता मामिला विभागका नेतृत्वमा पाकिममा विश्व उपभोक्ता अधिकार दिवस मनायो। यस वर्षको विश्वव्यापी विषय 'दिगो जीवन शैलीमा परिवर्तन' रहेको छ, जसले जिम्मेवार उपभोक्ता र दिगोपनलाई जोड दिँदछ। संघका कार्यकारिणी सदस्यहरूले विज्ञ स्रोत व्यक्तिहरूका साथमा पाकिम र छिमेकी गाउँका बासिन्दाहरूका लागि उपभोक्ता अधिकार शिक्षा सत्रहरू सञ्चालन गरे। विभिन्न संघसंस्थाका स्वयंसेवकहरू, संघका सदस्यवर्ग, र पाकिम पुलिसले शहरभरिका दोकान, ब्याङ्क, होटल र सार्वजनिक स्थानहरूमा उपभोक्ता सचेतना पोस्टर टाँसेर अभियानमा सक्रिय सहभागिता जनाए। साथै, उपभोक्ताका रूपमा आफ्ना अधिकार र दायित्वहरूबारे जनचेतनामूलक पर्चाहरू वितरण गरिएको थियो। कार्यक्रममा पाकिमका अतिरिक्त जिल्लापाल रोबिन सेवा उपस्थित हुनुहुन्थ्यो।

**Namchi- Workshop ONDC: IPR**

सूक्ष्म, साना तथा मध्यम उद्यम, MSME कार्यसम्पादन कार्यक्रमलाई बढाउने र गति दिने डिजिटल कमर्सका लागि खुल्ला नेटवर्क, ONDC-बारे आज जिल्लास्तरीय कार्यशाला नाम्चीमा सम्पन्न भयो। कार्यक्रममा स्थानीय उद्यमी, सरकारी अधिकारी, उद्योग विज्ञलगायत विभिन्न सरोकारवालाहरूको सहभागिता रहेको थियो। कार्यक्रममा नाम्चीका अध्यक्ष अञ्जिता राजालिमले सूक्ष्म, साना तथा मध्यम उद्यमहरूलाई सशक्त बनाउन र उनीहरूको बजार पहुँच बढाउन डिजिटल कमर्सको महत्त्वलाई जोड दिनुभयो। कार्यशालामा ONDC को भूमिकालाई प्रकाश पार्ने अन्तरदृष्टिपूर्ण प्रस्तुतीहरू प्रस्तुत गरिएको थियो। साथै, विज्ञहरूले ONDC ढाँचाका फाइदाहरूबारे विस्तृत जानकारी दिए, जसले देशका व्यवसायहरूका लागि खुला र समावेशी डिजिटल इकोसिस्टम सिर्जना गर्ने लक्ष्य राखेको छ। सहभागीहरू कसरी ONDC ले विकेन्द्रीकृत र अन्तरसञ्चालित ई-कमर्स नेटवर्क प्रदान गरेर स्थानीय व्यापार परिदृश्यलाई रूपान्तरित गर्न सक्छ भन्ने विषयका छलफलमा संलग्न रहे। कार्यक्रम अन्तरक्रियात्मक सत्रका साथ समाप्त भयो, जसमा सहभागीहरूले डिजिटल कमर्स समाधानहरू अपनाउनेबारे आफ्नो दृष्टिकोण साझा गरे। यस पहलले सिक्किममा MSME क्षेत्रलाई डिजिटल बजारमा नयाँ वृद्धिका अवसरहरू प्रदान गरेर बलियो बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ।

**Mangan-Road: Bishnu Neupane/ Wangchuk Bhutia**

मङ्गन जिल्लाको जङ्गु महकुमालाई जोड्ने फिदाङ बेली ब्रीज आज बिहान क्षतिग्रस्त भई जङ्गु, लाचुङ र लाचेन महकुलाई जोड्ने सबै यायायात ठप्प बनेको 6 घण्टा नबित्दै साना र हलुका यातायात वाहनहरूका लागि सुचारू गरिएको जिल्ला प्रशासन मङ्गनले जानकारी दिएको छ। आज बिहान भारी ट्रकले फिदाङ बेली ब्रीज पार गर्ने क्रममा सो ब्रीज भत्केको थियो। पुल भत्केपछि उत्तर सिक्किमका पर्यटकीय गन्तव्य स्थलहरू सम्पर्कविहिन भएका थिए। पुल भत्केकाले स्थानीय र पर्यटक दुवैका लागि गम्भीर समस्याहरू उत्पन्न भएको थियो, साथै जङ्गु र लाचेन-लाचुङ महकुमालाई जोड्ने धेरै लामो वैकल्पिक मार्ग रोज्नुपरेको थियो। आज सीमा सडक सङ्गठनले उक्त भारी ट्रकका चालकविरुद्ध जिल्ला प्रशासनमा उजुरी गरेपछि जिल्ला प्रशासन कार्यालयले चालकविद्ध मामिला दर्ता गरि जाँच अघि बढाएको छ। पुल भत्केपछि जिल्ला प्रशासन र सीमा सडक संगठनका अधिकारीहरूले तत्काल मर्मत कार्यलाई प्राथमिकता दिएर पुनः निर्माणकार्य अघि बढाएका थिए। मङ्गनका जिल्लापल अनन्त जैनले घटनास्थलको भ्रमण गरी पुलको अवस्थाबारे जानकारी लिनुभयो।

**Weather: MO**

स्थानीय मौसम विज्ञान विभागले दिएको रिपोर्टअनुसार बितेको चौबिस घण्टामा गान्तोक र वरपर क्षेत्रका अधिकतम तापमन **20.4** डिग्री सेल्सियस  र न्यूनतम तापमन **10.5** डिग्री सेल्सियस रेकर्ड गरियो। विभागले भोलि अधिकतम तापमान **21**  डिग्री  सेल्सियस र न्यूनतम तापमान **11** डिग्री सेल्यिस रहने पूर्वानुमान गरेको छ।